# कालिका नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३४ चितवन २०७९ माघ ०४ गते, बुधवार

## भाग–२

**कालिका नगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९**

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### रेडक्रससग्राम, चितवनको सूचना

## कालिका नगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/८/१५

नगर सभाबाट अनुमोदन मितिः २०७९/०९/२८

राजपत्र प्रकाशन मितिः २०७९/१०/०४

**प्रस्तावनाः** कालिका नगरपालिकामाभित्र हुने पशुपन्छी पालन व्यवसायलाई थप व्यवसायिक, उत्पादन लागत घटाउन, यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान, कालिका नगरपालिकाबाट सञ्चालन गरिने पशु सेवाका कार्यक्रमहरूलाई पारदर्शी, जवाफदेही, उत्तरदायी एवं प्रभावकारीरूपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले, कालिका नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को को अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "कालिका नगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" रहेको छ।

२) यो कार्यविधि कालिका नगरपालिको क्षेत्र भित्र लागु हुनेछ।

३) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "नगरपालिका" भन्नालेकालिकानगरपालिकालाईजनाउनेछ।

ख) "कार्यपालिका" भन्नाले कालिका नगरपालिको कार्यपालिकालाई जनाउने छ।

ग) "प्रमुख" भन्नाले कालिका नगरपालिकाको प्रमुखलाई जनाउने छ।

घ) "उपप्रमुख" भन्नाले कालिका नगरपालिकको उपप्रमुखलाई जनाउने छ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

च) "आर्थिक विकास समिति" भन्नाले कालिका नगरपालिकाको आर्थिक विकास समितिलाई जनाउनेछ।

छ) "शाखा"भन्नाले कालिका नगरपालिकाको पशुपन्छी बिकास इकाइ (पशु सेवा शाखा)लाई जनाउनेछ।

ज) "शाखा प्रमुख" भन्नाले कालिका नगरपालिकाको पशुपन्छी विकास इकाइ (पशु सेवा शाखा) को प्रमुखलाई जनाउनेछ।

झ) "सेवाकेन्द्र" भन्नाले कालिका नगरपालिकामा सञ्चालित पशु सेवा केन्द्रहरू लाई जनाउने छ।

## परिच्छेदः २

**३. पशुसेवाः** कालिका नगरपालिका पशु सेवाशाखाबाट नियमित पशु उपचार तथा खोप सेवा र पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**४. नियमित पशु उपचार तथा खोप सेवाः**

१) कालिका नगरभित्रका पशुपंक्षी तथा चौपायाहरूको लागि पशुसेवा शाखाबाट नियमित उपचार तथा खोप सेवा उपलब्ध हुनेछ।

२) कार्यालय समयभित्र तोकिएको शुल्क तिरी पशुसेवा शाखाबाट नियमित पशु उपचार, प्रयोगशाला सेवा र खोप सेवा लिन सकिनेछ।

३) व्यवसायिक पशुपालन गर्ने कृषक तथा उद्यमीहरुको अनुरोधमा कृषकको घर वा पशुपालन फर्ममा गई उपदफा (१) बमोजिमको सेवा उपलब्ध गराउन सकिनेछ।

४) आक्समिक उपचार सेवा र निर्धारित रोग न्यूनीकरणको लागि कार्यक्रम वा निशुल्क व्यवस्था भए बमोजिम बाहेक उपदफा (३) बमोजिमको सेवामा अतिरिक्त शुल्क लाग्ने छ।

**५. पशुपालन व्यवसाय प्रवर्द्धनात्मक कार्यक्रम कार्यान्वयनः**

१) कालिका नगरपालिकाको आन्तरिक आयबाट सञ्चालन हुने र सङ्घीय सरकार तथा प्रदेश सरकारबाट सशर्त हस्तान्तरण भई नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएका पशुसेवा तर्फका कार्यक्रम पशुपालन व्यवसाय प्रवर्द्धनात्मक कार्यक्रमका रूपमा पशु सेवा शाखाबाट कार्यान्वयन हुनेछन्।

२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको बिधि अवलम्बन गरी कार्यान्वयन गरिनेछः

क. अनुदान (नगद/वस्तुगत) सहायता तर्फका कार्यक्रम सञ्चालन गर्दा नगरपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ। यस्तो सूचना चितवन जिल्लाबाट प्रकाशन

हुने राष्ट्रिय वा स्थानीय स्तरको पत्रीकामा र नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्नुको साथै नगरपालिका,सम्पूर्ण वडा कार्यालय, पशुसेवा शाखा र सम्पूर्ण पशु सेवा केन्द्को सूचना पाटिमा समेत टाँस गर्नुपर्नेछ ।

ख. प्रकाशित सूचना अनुसार कृषक/व्यवसायि/उद्यमीहरूले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-३ बमोजिमको ढाँचामा संक्षिप्त व्यवसायिक योजना र अन्य कागजात सहितको प्रस्तावना शाखामा पेश गर्नु पर्नेछ ।।

ग. शाखाले पेश भएका प्रस्तावनाहरूको योग्यता परीक्षण गरी अयोग्यलाई मुल्याङ्कन प्रकृयाबाट हटाउने छ र योग्य प्रस्तावहरूको व्यवसाय स्थलमै गएर अनुसूची-४ बमोजिम स्थलगत निरीक्षण गर्नेछ ।

घ. स्थलगत निरीक्षणबाट अयोग्य ठहरिएका प्रस्तावहरूलाई मुल्याङ्कन प्रकृयाबाट हटाई योग्य प्रस्तावहरूको अनुसूची-५ बमोजिममुल्याङ्कन समितिबाट मुल्याङ्कन गरिने छ ।

ङ. मुल्याङ्कन समितिबाट मुल्याङ्कन भएको नतिजा शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

च. आर्थिक समितिबाट स्वीकृत भएपछी अन्तिम नतिजा नगरपालिकाको वेवसाइटमा राखिने छ र शाखा र सेवाकेन्द्र र वडाहरूमा समेत टाँस गर्नुपर्नेछ ।

छ. अनुदानका लागि छनौट भएका कृषक/उद्यमी/व्यवसायीसँग कार्य सञ्चालनको लागि शाखाले अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

ज. उक्त सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछी वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिश एवं आवश्यकता अनुसार शाखाबाट स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा नगरपालिकाबाट भुक्तानी हुनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सङ्घीय र प्रदेश सरकारबाट सशर्त हस्तान्तरिक कार्यक्रमको कार्यान्वयन निर्देशिका वा कार्यविधि वा मापदण्ड बमोजिम कार्यक्रम कार्यान्वयन हुनेछ।

४) कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन नगरपालिकाले थप मापदण्ड जारी गर्न सक्नेछ ।

६. **अनुगमन तथा मुल्याङ्कनः**

१) कार्यविधि बमोजिम सम्पादन भएका कार्यक्रमको अनुगमन नगरस्तरीय अनुगमन समितिबाट हुनेछ।

२) उपदफा (१) बमोजिम अनुगमन गर्दा शाखा प्रमुख पदेन सदस्यको रूपमा र आवश्यकता अनुसार प्राविधिक तथा अन्य विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

३) अनुगमन समितिको सुविधा कालिका नगर प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण) नियम, २०७९ बमोजिम हुनेछ।

## परिच्छेदः ३
## कार्यक्रम र कार्यक्रम सञ्चालन प्रकृया

७. **कार्यक्रम र कार्यक्रम सञ्चालन प्रक्रियाः**

१) कार्यविधि बमोजिम देहायका कार्यक्रम देहायको उद्धेश्य प्राप्तीको लागि देहायको शर्त एवं प्रकृया बमोजिम सञ्चालन हुनेछः

| कार्यक्रम | **१) लागत साझेदारीमा गरिने गोठ / खोर निर्माण सुधार कार्यक्रम** |
|---|---|
| उद्धेश्य | पशुपन्छी पालन गरिरहेका बिद्यमान व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन गर्ने |
| | **५० हजार देखी १ लाख सम्म** |

| क्र.सं. | चौपाया | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | ३ देखि ५ माउ गाईभैसी | ५० हजार | कृषकको तर्फ बाट कम्तीमा ३० प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ। |
| २ | ६ देखि २० माउ गाईभैसी | १ लाख | |
| ३ | २० देखि माथि माउ गाईभैसी | ५ लाख | |
| ४ | १० देखि २५ सम्म माउ बाख्रा पाल्ने कृषकलाई | ५० हजार | |
| ५ | २६ देखि ५० सम्म माउ बाख्रा पाल्ने कृषकलाई | १ लाख | |
| ६ | ५१ देखि माथि माउ बाख्रा पाल्ने कृषकलाई | ५ लाख | |
| ७ | २ सयदेखि २ हजारसम्म पन्छी पाल्ने साना कृषकहरुको लागि | ५० हजार | |
| ८ | २ हजार भन्दा माथि पन्छी पालन गर्ने कृषकलाई | १ लाख | |
| ९ | ५ देखि १० माउ बंगुर पाल्ने कृषकलाई | ५० हजार | |
| १० | ११ देखि २० माउ बंगुर पाल्ने कृषकलाई | १ लाख | |
| ११ | २१ देखि माथि माउ बंगुर पाल्ने कृषकलाई | ५ लाख | |

<table>
<tr><td>बिधि</td><td>(क) सूचना आह्वान र प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश<br>(घ) कार्यप्रगति अनुगमन, अन्तिम भुक्तानी</td></tr>
<tr><td>कार्यक्रम</td><td>२. काउ म्याटमा वितरण कार्यक्रम</td></tr>
<tr><td>उद्धेश्य</td><td>काउम्याटको प्रयोगबाट गाईको बसाई आरामदायी बनाइ खुर खिइने एवं त्यसकै कारणबाट खुरेत रोग न्यूनीकरण गरी दुग्ध उत्पादन बढाउने</td></tr>
<tr><td>अनुदान सीमा</td><td>प्रति काउम्याट ५ हजार
<table>
<tr><th>क्र.सं.</th><th>चौपाया</th><th>कृषक वर्गीकरण</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>माउ संख्या ३ भन्दा कम</td><td>निर्वाहमूखि कृषक</td><td rowspan="4">स्वीकृत वार्षिक परिमाण र मागका आधारमा योग्यता पुरा गरेका कृषकहरूलाई पशु संख्याका आधारमा समानुपातिक हिसावले काउम्याट वितरणको संख्या निर्धारण गरिने छ।</td></tr>
<tr><td>२</td><td>माउ संख्या ३ देखि ५</td><td>साना कृषक</td></tr>
<tr><td>३</td><td>माउ संख्या ६ देखि २०</td><td>मझौला कृषक</td></tr>
<tr><td>४</td><td>माउ संख्या २१ वा सो भन्दा बढी</td><td>ठूला कृषक</td></tr>
</table></td></tr>
<tr><td>अनुदान शर्त</td><td>• कृषकको तर्फ बाट कम्तीमा ३० प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ।<br>• प्रति काउम्याट बढीमा ५००० अनुदान उपलब्ध हुनेछ।<br>• निर्वाहमूखि पशुपालक कृषकको हकमा फर्म तथा पान दर्ता हुन आवश्यक पर्दैन</td></tr>
<tr><td>बिधि</td><td>(क) सूचना प्रकाशन र अनुसूची-१ को ढाँचामा प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश<br>(घ) सम्झौता भएपछी लाभग्राहीले तोकिएको बजेट सिमाभित्र काउम्याट खरिद गर्ने<br>(ङ) सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस सहितको निवेदन र काउम्याटको फोटो सहित खरिदको विल पेश गर्नेछन्।<br>(च) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी</td></tr>
</table>

| कार्यक्रम | **३. दूग्ध उत्पादकप्रोत्साहन कार्यक्रम (प्रतिलिटर रू.१ प्रोत्साहन)** |
|---|---|
| उद्धेश्य | दुग्ध उत्पादन गरी सहकारी संस्था मार्फत बिक्रीगर्ने कृषक/व्यवसायीलाई प्रदेश अनुदानमा थप गरीप्रोत्साहित गरी दुग्ध उत्पादनमा थप आकर्षण बढाउने |
| अनुदान सीमा | प्रतिलिटर दुधमा रु १(एक)थप अनुदान। |
| अनुदान शर्त | • आफै पशुपालन गरी दुध उत्पादन गरी सहकारी मार्फत विक्रि गर्ने किसानलाई थप प्रोत्साहन उपलब्ध हुने।<br>• कृषकसँग दुध खरिद गरी पुनः विक्रि गर्ने विचौलिया वा अन्य तेस्रो पक्षलाई अनुदान रकम उपलब्ध गराइने छैन।<br>• फार्म/सहकारीको कार्य क्षेत्र अन्तरगत भएका दुधालु पशु संख्या र प्रति पशु दुध उत्पादन क्षमता अस्वभाविक देखिएमा त्यस्ता प्रस्तावना नै रद्धगर्न सकिने छ।<br>• अघिल्लो आर्थिक वर्षमा उत्पादन र कारोबार गरेको दुधको प्रमाणित अभिलेखको आधारमा यो अनुदान रकम उपलब्ध गराईने छ।<br>• अनुदानका लागि आवश्यक कागजातका साथ अनुसूची-८ बमोजिमको निवेदन र प्रस्तावना पशु सेवा शाखामा पेश गर्नु पर्ने छ।<br>• प्रतिस्पर्धात्मक मूल्याङ्कन बिधिद्धारा सहकारीहरुको छनौट गरिने छ।<br>• छनौट भएका सहकारीहरुले प्राप्त गर्ने अनुदान रकम नगरपालिकाले सहकारीको बैंक खातामा एकमुष्ट जम्मा गरिदिने छ र उक्त संस्थाले दुध बिक्री गर्नेकृषकहरुलाई अनुदान रकम उपलब्ध गराई अवश्यक कागजात / भरपाई नगरपालिकाको पशु सेवा शाखामा उपलब्ध गराउनु पर्ने छ। |

| | |
|---|---|
| बिधि | (क) अनुसूची-७ बमोजिमको ढाँचामा सूचना प्रकाशन र अनुसूची-८ को ढाँचामा प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति,अनुसूची-९ बमोजिमको ढाँचामा सहकारीसँग सम्झौता र कार्यादेश<br>(घ) सम्झौता भएपछी लाभग्राहीले दैनिक उत्पादन गरेको दुधको डिजिटल रेकर्डको आधारमा सहकारीबाट बार्षिक भुक्तानी<br>(ङ) सहकारीबाट प्राप्त दैनिक दुग्ध सङ्कलन अभिलेखको पशुसेवा शाखाबाट पेश्की सिफारिस बमोजिम सहकारीलाई खातामा रकम पठाई प्रोत्साहन वितरणको भुक्तानी विल भरपाईको आधारमा सहकारीको पेश्की फर्छौट गर्ने।<br>(च) पशु सेवा शाखाबाट Randam Sampling विधिबाट अनुगमन तथा प्रतिवेदन र सिफारिस बमोजिम सहकारी संस्थाको पेश्की फर्छौट। |
| सहकारी संस्थाको छनौट | • दुध सङ्कलन कार्य गरिरहेका सहकारीबाट प्रस्ताव माग गरिने<br>• सम्भावित दुग्ध उत्पादक, उत्पादन परिमाण र मासिक सङ्कलन हुने परिमाण, विद्युतीय प्रणाली मार्फत दैनिक अभिलेख तथा मासिक भुक्तानी हुने प्रविधि प्रयोगमा ल्याएको आधारमा पशु सेवा शाखाबाट अनुगमन गरी अन्तिम छनौट हुने। |
| कार्यक्रम | ४. **यान्त्रीकरण अनुदान कार्यक्रम** (च्याफकटर, ब्रसरकटर, दाना बनाउने मेशिन, ह्वील ब्यारोलगायत पशु पालन र तथा डेरि उद्योगमा प्रयोग हुने अन्य उपकरणहरु) |
| उद्धेश्य | • यान्त्रीकरणको माध्यमबाट जनशक्ती, समय र पशुपालन लागत घटाउदै पशुपालन व्यवसायलाई निर्वाहमुखीबाट व्यवसायीक तर्फ रूपान्तरण गरी नाफामुलक बनाउने<br>• कृषक/उद्यमी/समुह र सहकारी यान्त्रिकरणको प्रयोग गरि पशु पालन तर्फ उत्प्रेरित गर्ने |

| | |
|---|---|
| बिधि | (क) सूचना प्रकाशन र अनुसूची-१ को ढाँचामा प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश<br>(घ) सम्झौता भएपछी लाभग्राहीलेउपकरण खरिद गरी सक्कल बिल बिजक सहित भुक्तानी माग,<br>(ङ) स्थलगत अनुगमन तथा प्रतिवेदन<br>(च) पशुसेवा शाखाको सिफारिस बमोजिम सहकारी संस्थालाई भुक्तानी |
| अनुदान सीमा | यान्त्रीक लागतको ८० प्रतिशत सम्म ।<br>अधिक्तम अनुदान ५००,०००।- |
| अनुदान शर्त | • पशुपालन गरिरहेका कृषक तथा उद्यमीहरुले च्याफकटर, ब्रसरकटर, दाना बनाउने मेशिन, ह्वील ब्यारोलगायत पशु पालन र तथा डेरि उद्योगमा प्रयोग हुने उपकरणमा अनुदान प्राप्त गर्न सक्नेछन् ।<br>• प्रस्ताब बमोजिम माग भएका उपकरणको पशुसेवा शाखाले तयार गरेको लागत अनुमानको आधारमा तोकिकएको स्पेशिफिकेसन भएको सम्भावित ब्रान्ड, मोडेलको उपकरण खरिद गर्नु पर्नेछ।<br>• उपकरणको लागत मुल्यमा अधिक्तम अनुदान सीमा भन्दा माथीको रकम कृषक वा उपभोक्ता स्वंयले व्यहोर्नु पर्नेछ । |
| कार्यक्रम | **५. मत्य विकास कार्यक्रम कार्यक्रम** |
| उद्धेश्य | पोखरी सुधार तथा यान्त्रिक सहायता मार्फत मत्स्य पालन व्यवसाय प्रवर्द्धन तथा उत्पादन अभिबृद्धी गर्ने |
| अनुदान सीमा | लागतको ७० प्रतिशत सम्म ।<br>अधिक्तम अनुदान ५,००,०००।- |

| | |
|---|---|
| अनुदान शर्त | • बायोफ्लक प्रविधिमा माछा पालनको लागि फ्लक निर्माण, मर्मत सुधार तथा आवश्यक उपकरण खरिद तथा मत्स्य पोखरी मर्मत/संभार, महाजाल, एरेटर, पानी तान्ने पम्प, मोटर/जेनेरेटर, सोलार बोरिङ् जस्ता यान्त्रीकरण/सामग्री/औजार आदि खरिद र जडान, पोखरीमा पानीको व्यवस्थापन कार्यको लागि अनुदान उपलब्ध हुनेछ ।<br>• प्रस्ताव बमोजिम माग भएका उपकरणको पशुसेवा शाखाले तयार गरेको लागत अनुमानको आधारमा तोकिएको स्पेशिफिकेसन भएको सम्भावित ब्रान्ड, मोडेलको उपकरण खरिद गर्नु पर्नेछ।<br>• उपकरणको लागत मुल्यमा अधिक्तम अनुदान सीमा भन्दा माथीको रकम कृषक वा उपभोक्ता स्वंयले व्यहोर्नु पर्नेछ । |
| बिधि | (क) सूचना प्रकाशन र अनुसूची-१ को ढाँचामा प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश<br>(घ) सम्झौता भएपछी लाभग्राहीलेउपकरण खरिद वा पोखरी सुधार गरी सक्कल बिल बिजक सहित भुक्तानी माग,<br>(ङ) स्थलगत अनुगमन तथा प्रतिवेदन<br>(च) पशुसेवा शाखाको सिफारिस बमोजिम  भुक्तानी |
| कार्यक्रम | **६. आकस्मिक पशु उपचार सेवा कार्यक्रम** |
| उद्धेश्य | पशुवस्तुहरूमा लाग्ने कुनै पनि प्रकारको महामारीजन्य रोगको उपचार तथा नियन्त्रणको व्यवस्थापन गर्ने |
| बजेट | बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार |
| बिधि | (क) आवश्यक अनुसार नमुना संकलन र परीक्षण तथा उपचार गरी आक्समिक रूपमा देखिएका पशु रोगहरुको व्यवस्थापन गरिने ।<br>(ख) महामारीजन्य पशु रोगको प्रकोप भएको अवस्थामा रोगको प्रकृर्ति अनुसार आवश्यक पर्ने औषधि, खोप एवं उपचार सामग्रीहरू तत्काल खरिद गर्ने<br>(ग) आक्समिक पुश उपचारको लागि आवश्यक किट तथा उपकरण खरिद गर्ने<br>(घ) आर्थिक समितिको निर्णय तथा कार्यक्रम स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गरिने |

| | |
|---|---|
| कार्यक्रम | **७ अन्य कार्यक्रम**<br>क) पशुपन्छी उपचार सेवा तथा परजिवी नियन्त्रण कार्यक्रम<br>ख) प्रयोगशाला सेवा तथा बिभिन्न रोग बिरुद्ध भ्याक्सिन सेवा,<br>ग) पशु स्वास्थ्य शिविर तथा डोर टु डोर पशु उपचार सेवा,<br>घ) थुनेलो रोग न्यूनीकरण कार्यक्रम<br>ङ) घाँसको बीउ खरिद तथा वितरण कार्यक्रम<br>च) पशुपन्छी पालन सम्बन्धी तालिम, गोष्ठी, तथा क्षमता विकास कार्यक्रम<br>छ) प्रजनन् योग्य साढें/ राँगो, बोकामा ८०% अनुदान<br>ज) विपन्न समुदायलाई प्रजनन् योग्य स्थानीय जातका बाख्रा अनुदान वितरण |
| उद्धेश्य | कालिका नगर भित्रको पशुपालकहरूलाई आधारभुत सेवा उपलब्ध गराउने |
| बजेट | बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार |
| बिधि | (क) नियमित उपाचार तथा प्रयोगशाला सेवा पशुसेवा शाखाबाट नियमित रूपमा तोकिएको शुल्क लिई सेवा उपलब्ध हुने।<br>(ख) खरिद तथा वितरण सम्बन्धी कार्यहरू कार्यक्रम प्रस्ताब तयार गरी प्रचलित खरिद कानून बमोजिम खरिद तथा वितरण हुने ।<br>(ग) तालिम, गोष्ठी तथा क्षमता विकासका कार्यक्रमहरू प्रस्ताव स्वीकृत गरी प्रस्तावना बमोजिम सञ्चालन तथा व्यवस्थापन हुने । |
| कार्यक्रम | **८. विभिन्न दिवस मनाउने कार्यक्रम**<br>(विश्व रेबिज दिवश, विश्व पशुपन्छी दिवस, राष्ट्रिय पोल्ट्री दिवस, विश्व दुध दिवस आदी) |
| उद्धेश्य | कालिका नगर भित्रपशुपालन प्रवर्धन तथा मर्यादित बनाउने |
| बजेट | बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार |
| बिधि | (क) सङ्घीय तथा प्रादेशिक मापदण्ड र निर्देशन बमोजिमका दिवस मनाउने कार्यक्रम उक्त मापदण्ड तथा निर्देशन बमोजिम सञ्चालन हुने,<br>(ख) रेबिज दिवशको लागि रेविज बिरूद्धको खोप तथा एन्टिरेविज खोप खरिद गरी नगर भित्र रहेका निजी तथा सामुदायीक कुकुर/बिरालोहरुलाई निशुल्क रेबिज बिरुद्ध खोप लगाइने,<br>(ग) सचेतनामुलक कार्यक्रमकालागि तुल, ब्यानर, फ्लेक्स लगायतका जनचेतनामूलक प्रचार सामग्री तयार गरी प्रचार प्रसार तथा सचेतीकरण गरिने, |

२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानून पालना गर्नु पर्नेछ।

**८. प्रस्तावकको योग्यता तथा प्रस्तावना साथ पेश गर्नु पर्ने कागजातहरूः**

१) कार्यविधि दफा ५ र दफा ७ बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित लाभग्राहीले आफ्नो योग्यता प्रमाणित हुने देहायका कागजात संलग्न गर्नु पर्नेछः

**क.** व्यक्तिगत प्रस्तावकः

(१) फार्म/व्यवसायदर्तागरेकोप्रमाणपत्र।

(२) आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र।

(३) कर चुक्ता प्रमाण पत्र।

(४) नेपाली नागरिकताको प्रमाणपत्र।

(५) पशु बिमा गरिएको प्रमाण पत्र।

(६) सम्बन्धित वडा कार्यालयको सिफारिस।

**ख. सहकारी संस्थाको हकमाः**

**ग. फर्म/संस्थाको योग्यताः**

(१) कालिका नगरपालिकामा सूची दर्ता भएको।

(२) कालो सूचीमा नपरेको।

(३) कर चुक्ता प्रमाण पत्र।

(४) व्यवसाय दर्ता प्रमाणपत्र।

**९. प्रस्ताव पेश गर्न नपाइनेः** कार्यक्रमबाटपचास हजार रूपैया वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका कृषक/व्यवसायीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट निरन्तर दुई वर्षसम्म सोही विधामा प्रस्ताव पेश गर्न पाउने छैनन्।

## परिच्छेद-५
## खर्च मापदण्ड तथा खर्च विधि

**१०. खर्च मापदण्डः**

१) कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा प्रचलित खरिद कानून तथा कालिका नगर प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण) नियम, २०७९ बमोजिम हुनेछ।

२) कालिका नगर प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण) नियम, २०७९ मा समावेश नभएका देहायका कार्यक्रमको लागि देहाय बमोजिम खर्च मापदण्ड हुनेछ।

कार्यक्रमः **पशु स्वास्थ्य घुम्ती शिविर/घरदैलो पशु स्वास्थ्य उपचार सेवाः**

**१) ब्यवस्थापन खर्चः**

| सि.नं. | क्रियाकलापहरु | लागत रू. |
|---|---|---|
| १ | क) प्रचार प्रसार(छाँया, श्रव्य, श्रव्यदृष्य)<br>ख) तुल/ब्यानर | २,०००<br>१,००० |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यबस्थापन | ५३,००० |
| ३ | चियापान खाजा खर्च (औपचारिक कार्यक्रम समेत) | ८,००० |
| ४ | अस्थायी ट्रेविज निर्माण तथा अन्य लजिस्टिक ब्यबस्थापन | ३,००० |

**२) पशु स्वास्थ्य घुम्ती शिविर/घरदैलो पशु स्वास्थ्य उपचार सेवाका लागि जाने विशेषज्ञ तथा प्राविधिक कर्मचारीहरुको सुविधा**

| क्र. सं. | विवरण | अधिकतम संख्या | | सेवा शुल्क रु. | | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | आन्तरिक | वाह्य | |
| | अतिथी | ३ | १ | १५०० | १५०० | ६,००० |
| १ | पशु चिकित्सक वा विशेषज्ञ / अधिकृत | २ | २ | ३,००० | ५,००० | १६,००० |
| २ | पशु स्वास्थ्य /सेवा प्राविधिक | २ | ४ | १,५०० | १,५०० | ९,००० |
| ३ | सहयोगी | २ | | १००० | | २,००० |

३) तालिम तथा गोष्ठीः

| क्र. सं. | विवरण | अधिकतम संख्या | | सेवा शुल्क रु. (प्रशिक्षकको लागि प्रति पिरिएड दर ) | |
|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | आन्तरिक | वाह्य |
| | अतिथी | २ | १ | १५०० | १५०० |
| १ | पशु चिकित्सक वा विशेषज्ञ / अधिकृत प्रति | २ | २ | १६,०० | २५,०० |
| २ | पशु स्वास्थ्य /सेवा प्राविधिक | २ | ४ | १,५०० | १,५०० |
| ३ | सहयोगी | २ | | १००० | |

**११. खर्च लेखाङ्कन, अभिलेख तथा लेखापरीक्षणः** कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा भएको खर्च प्रचलित कानून बमोजिम खर्च लेखाङ्कन, अभिलेख तथा लेखा परीक्षण सम्बन्धी कार्य गर्नु पर्नेछ ।

**१२. प्रतिवेदनः** कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको अभिलेख तथा प्रतिवेदन शाखाले राख्नु पर्नेछ ।

## परिच्छेदः ७
## विविध

**१३. कारवाही हुनेः**

(१) कार्यक्रमबाट लाभान्वित हुने उद्धेश्यले कुनै व्यक्ति वा फर्म वा सहकारीले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा फर्म वा सहकारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(२) उपदफा (१) बमोजिम कारवाही हुने व्यक्ति वा फर्म वा सहकारीलाई नगरपालिकाले कालो सूचीमा राख्न सकनेछ। एक पटक कालो सूचीमा परेको कृषक/व्यवसायी/उद्यमी/संस्था कम्तिमा ५ वर्ष सम्मको लागि अनुदान कार्यक्रममा सहभागी हुन पाउने छैनन् ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. बाधा अड्चन फुकाउन सक्ने**: यस यस कार्यविधिको कार्यान्वयनमा गर्दा कुनै बाधा अड्चन र अस्पष्टता उत्पन्न भएमा नगर कार्यपालिकाले त्यस्तो बाधा, अड्चन र अस्पष्टता फुकाउन सक्नेछ।

**१६. खारेजी र बचाउः**

१) कालिका नगर पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ खारेज गरिएको छ।

२) कालिका नगर पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

### (दफा ५ को उपदफा (२)-१ सँग सम्बन्धित)

कार्यक्रमका प्रस्तावअव्हानका सूचनाका ढाँचा

प्रस्ताव आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति .....................

कालिका नगरपालिका पशु सेवा शाखाको आ.व.................को स्वीकृत कर्यक्रमको लक्ष अनुसार पशु उत्पादन सम्बन्धि कार्यक्रमको माध्यम बाट स्वरोजगार प्रवर्दन गर्ने कार्यक्रम रहेकोले तपसिलमा उल्लेखित कार्यक्रम गर्न इच्छुक सहकारी संस्था, ब्यवसायीक कृषक तथा निजि फार्म हरुले निम्नलिखित कागजातको साथमा सूचना प्रकाशित भएको मितिले ........... दिन भित्र तोकिएको ढाँचा अनुसारको प्रस्तावना दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | कार्यक्रमहरुको बिवरण | संख्या | अककनुदान अधिकतम रकम | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

**प्रस्ताव दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु -**

१. रु दशको टिकट टाँस गरेको आवेदकको निवेदन ।

२. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

३. कालिकानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची २ अनुसारको निवेदन र ३ बमोजिमको संक्षिप्त कार्ययोजना ।

४. फार्म/व्यवसाय दर्ता गरेको प्रमाण पत्र ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र ।

६. कर चुक्ता प्रमाण पत्र ।

७. नेपाली नागरिकताको प्रमाणपत्र ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

# अनुसूची-२
## (दफा५कोउपदफा (२)-२सँगसम्बन्धित)
## निवेदनको ढाँचा

मितिः ..................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
कालिका नगरपालिका
चितवन।

**विषयः प्रस्तावना पेश गरेको वारे।**

प्रस्तुत विषयमा त्यहाँ नगरपालिकाबाट मिति ........................... मा प्रकाशित पशु सेवा कार्यक्रममा प्रस्तावना पेश गर्ने वारेको सूचना अनुसार तपसिलको विवरण सहित............................ कार्यक्रमका लागि यो प्रस्तावना पेश गरेको/गरेका छु/छौं। मेरो/हाम्रो प्रस्तावना स्वीकृत भएमा नगरपालिकाको नियमानुसारको कामकाज गर्न मञ्जुर छु/छौं।

पुनश्च तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेके ब्यहेरा समेत अनुरेध गर्दछु।

**तपसिल**

१. रु दशको टिकट टाँस गरेको आवेदकको निवेदन।
२. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी।
३. कालिकानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची २ अनुसारको निवेदन र ३ बमोजिमको संक्षिप्त कार्ययोजना।
४. फार्म/व्यवसाय दर्ता गरेको प्रमाण पत्र ।
५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
६. कर चुक्ता प्रमाण पत्र।
७. नेपाली नागरिकताको प्रमाणपत्र।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस।

निवेदकको नाम
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं.

अनुसूची-३(क)

(दफा ५ को उपदफा (२)-२ सँग सम्बन्धित)

**(संक्षिप्त ब्यवसायीक कार्ययोजना गाइ/भैसी पालन तर्फ)**

ब्यवसायिक फर्मका नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्य बिरणः

| सि. नं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

फार्म दर्ता गरेको मितिः

फार्म दर्ता गरेको निकायः

हाल फार्ममा रहेका पशुहरूको संख्या

गाइः माउः वहरः बाच्छाः बाच्छीः जम्मा

भैंसीः माउः राँगोः पाडाः पाडीः जम्मा

घाँस लगाएको क्षेत्रफलः हिउँदेः वर्षेः

वहुवर्षेः डालेघाँस संख्याः

दैनिक दुध उत्पादन लिटरः

दैनिक दुध बिक्री लिटरः

पशु विमा गरेको संख्याः

प्रजनन् व्यवस्थापनः प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान

पशुहरूलाई लगाएको खोपको विवरणः

पशुहरूलाई परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः

अपेक्षित बार्षिक प्रतिफलः

निवेदक

दस्तखतः

नामः

ठेगानाः

अनुसूची-३(ख)

(दफा५कोउपदफा (२)-२सँगसम्बन्धित)

(संक्षिप्त ब्यवसायीक कार्ययोजना बाख्रा पालन तर्फ)

ब्यवसायिक फर्मको नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्य बिरणः

| सि. नं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

फार्म दर्ता गरेको मितिः

फार्म दर्ता गरेको निकायः

हाल फार्ममा रहेका पशुहरूको संख्या

बाख्राः माउः वोकाः पाठाः पाठीः

खसीः जम्माः

घाँस लगाएको क्षेत्रफलः हिउँदेः वर्षेः

वहुवर्षेः डालेघाँस संख्याः

वार्षिक खसी वोका बिक्री संख्याः जम्मा के.जि.

वार्षिक प्रजनन् तथा पाल्नको लागि बिक्री वोका र बाख्री/पाठी संख्याः

पशु विमा गरेको संख्याः

प्रजनन् व्यवस्थापनः प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान

पशुहरूलाई लगाएको खोपको विवरणः

पशुहरूलाई परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः

अपेक्षित बार्षिक प्रतिफलः

निवेदक

दस्तखतः

नामः

ठेगानाः

## अनुसूची-३ (ग)
## (दफा५ को उपदफा (२)-२ सँग सम्बन्धित)

(संक्षिप्त ब्यवसायीक कार्ययोजना वंगुर पालन तर्फ)

ब्यवसायिक फर्मको नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्य बिरणः

| सि. नं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

फार्म दर्ता गरेको मितिः

फार्म दर्ता गरेको निकायः

हाल फार्ममा रहेका पशुहरूको संख्या

बंगुर माउः विरः पाठाः पाठीः जम्माः

वार्षिक मासु प्रयाजन तथा पाल्नको लागि बिक्री संख्याः

बंगुरः माउः विरः पाठाः पाठीः

पशु विमा गरेको संख्याः

प्रजनन् व्यवस्थापनः प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान

पशुहरूलाई लगाएको खोपको विवरणः

पशुहरूलाई परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः

अपेक्षित बार्षिक प्रतिफलः

निवेदक

दस्तखतः

नामः

ठेगाना

## अनुसूची-३(घ)

(दफा५कोउपदफा (२)-२सँगसम्बन्धित)

(संक्षिप्त ब्यवसायीक कार्ययोजना कुखुरा पालन तर्फ)

ब्यवसायिक फर्मको नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्य बिरणः

| सि. नं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

फार्म दर्ता गरेको मितिः

फार्म दर्ता गरेको निकायः

हाल फार्ममा रहेका पन्क्षीहरूको संख्या

लेयर्सः ब्रोइलरः गिरिराज\हब्बर्डः अन्यः जम्माः

वार्षिक मासु तथा अण्डा उत्पादनः

अण्डा उत्पादनः मासु उत्पादनः

विमा गरेको संख्याः

लगाएको खोपको विवरणः

परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः

अपेक्षित बार्षिक प्रतिफलः

निवेदक

दस्तखतः

नामः

ठेगानाः

## अनुसूची-३ (ङ)

(दफा५कोउपदफा (२)-२सँगसम्बन्धित)

(संक्षिप्त ब्यवसायीक कार्ययोजना माछा पालन तर्फ)

ब्यवसायिक फर्मको नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्य बिरणः

| सि. नं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

फार्म दर्ता गरेको मितिः

फार्म दर्ता गरेको निकायः

हाल फार्ममा रहेका माछा संख्या

वार्षिक माछा उत्पादनः

विमा गरेको संख्याः

परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः

अपेक्षित बार्षिक प्रतिफलः

निवेदक

दस्तखतः

नामः

ठेगानाः

## अनुसूची-४

(दफा५कोउपदफा (२)-४सँगसम्बन्धित)

अनुदान प्रस्तावनाको मुल्याङ्कनका लागि स्थलगत निरीक्षण चेक लिस्ट

फार्मको नामः ठेगानाः

प्रोप्राइटरको नामः सम्पर्क नं.

१. शैक्षिक योग्यता/तालिमः

१.१ शैक्षिक योग्यताः

१.२ हासिल गरेको तालिमको नामः

तालिमको अवधि (दिन)

तालिम दिने संस्थाको नाम/आयोजकः

तालिम लिएको स्थानः

२. वैदेशिक रोजगारीमा गए/नगएकोः

गएको भए के के काम गरेको/अनुभवः

३. पालेको पशु संख्याः

| | | |
|---|---|---|
| ३.१ गाइः | माउ संख्याः | जम्मा संख्या |
| ३.२ भैंसीः | माउ संख्याः | जम्मा संख्याः |
| ३.३ बाख्राः | माउ संख्याः | जम्मा संख्या |
| ३.४ बंगुरः | माउ संख्याः | जम्मा संख्याः |

४. उत्पादन विवरणः

४.१ दैनिक दुध उत्पादन लिटरः

वार्षिक दुध उत्पादन लिटरः

४.२ दैनिक दुध विक्री लिटरः

वार्षिक दुध विक्री लिटरः

४.३ दुध बिक्री कहाँ गरिन्छ ?

४.४ वार्षिक खसी वोका विक्री संख्याः (के.जि. ............. )

४.५ वार्षिक वंगुर बिक्री संख्याः (के.जि. ............. )

४.६ वार्षिक आम्दानी रू.

२. गोठको संरचना

५.१ सामान्य/व्यवस्थित

३. प्रजनन् व्यवस्थापनः

६.१ प्राकृतिक/कृत्रिम गर्भाधान गराउने गरेको

७. स्वास्थ्य व्यवस्थापन

७.१ संक्रामक रोग विरुद्ध खोप लगाउने गरे/नगरेको, के के खोप ?

७.२ परजिवी नियन्त्रण गर्ने गरे/नगरेको, कति कति महिनामा ?

७.३ जैविक सूरक्षा विधि अवलम्वन गरे/नगरेको,के के गरेको ?

८. आहारा व्यवस्थापन

८.१ निजी वा भाडाको जग्गामा घाँस खेती गरे/नगरेकोः

८.१.१ वर्षभरी घाँस खेती गरेको कूल क्षेत्रफलः

८.१.२ वर्षभरी खेती गर्ने गरेका घाँसका प्रजातीहरूः

| | |
|---|---|
| हिउँदे प्रजातिहरूः | क्षेत्रफलः |
| वर्षे प्रजातिहरूः | क्षेत्रफलः |
| वहुवर्षे प्रजातिहरूः | क्षेत्रफलः |
| डालेघाँस प्रजातिहरूः | संख्याः |

८.२ साइलेज / हे बनाएर खुवाउने गरे/नगरेको

८.३ उत्पादन लागत कम गर्न अपनाइएको अन्य विधि/प्रविधिहरूः

९. अन्य व्यवस्थापनः

९.१ गोठको सरसफाइ अवस्थाः ठिकै/सामान्य/उत्तम/अतिउत्तम

९.२ सबै पशु विमा गरे/नगरेको, कति पशु विमा गरेको ?

९.३ दुध दुहुने र बिक्रीको लागि स्टेनलेस स्टिलका भाँडा प्रयोग गरे/नगरेकोः

१०. प्रस्तावना पेश गरेको कार्यक्रमकोः

१०.१ नामः

१०.२ माग गरेको कार्यक्रम र परिमाणः

११. यसअघि पशुपन्छीपालन सम्बन्धि अनुदान पाए/नपाएकोः

पाएको भए के कार्यक्रममा पाएको ?

कति रकम पाएको ? रू.

कुन निकायबाट पाएको ?

१२. अनुगमनकर्ताले महशुस गरेका अन्य विषयहरू उल्लेख गर्नुहोस्

| **कृषक/प्रतिनिधिको** | **अनुगमनकर्ताको** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| | पदः |

फार्मको छापः

## अनुसूची-५
## (दफा५कोउपदफा (२)-४सँगसम्बन्धित)
अनुदान कार्यक्रम प्रस्तावना मूल्याङ्कनका आधारहरु

फार्मको नामः ठेगानाः
प्रोप्राइटरको नामः सम्पर्क नं.

१. फार्मको जेष्ठता ५.० अंक
 १.१ दर्ता गरेको मितिले ६ महिनासम्म ३.० अंक
 १.२ ६ महिना माथि १ वर्षसम्म ४.० अंक
 १.३ १ वर्ष भन्दा माथि ५.० अंक
२. तालिम/अनुभव ५.० अंक
 २.१ पशुपन्छी पेशा सम्बद्ध अनुभव ३.० अंक
 २.२ पशुपन्छी पेशा सम्बद्ध तालिम एक हप्ता सम्म ४.० अंक
 २.३ पशुपन्छी पेशा सम्बद्ध तालिम १ हप्ता भन्दा बढीको ५.० अंक
३. वैदेशिक रोजगारी/अनुभव ५.० अंक
 ३.१ वैदेशिक रोजगारीको अन्य क्षेत्रको अनुभव ३.० अंक
 ३.२ वैदेशिक रोजगारीको पशुपन्छी क्षेत्रको अनुभव ५.० अंक
४. पालेको पशु /पन्छी/माछा संख्याः १०.० अंक
 ४.१ गाइभैंसीः माउ संख्या ३ वटासम्म ५.० अंक र प्रत्येक एउटाको लागि १.० अंकका दरले अधिकतम १०.० अंक १०.० अंक
 ४.२ बाख्राः माउ संख्या १० सम्म ५.० अंक र प्रत्येक १ वटाको १.० अंकका दरले अधिकतम १०.० अक १०.० अंक
 ४.३ बंगुरः माउ संख्या ५ सम्म ५.० अंक र प्रत्येक एउटाको १.० अंकका दरले अधिकतम १०.० अंक १०.० अंक
 ४.४ पन्छी/माछा संख्या १००० सम्म ५.०अंक र १००० भन्दा माथि पालेकोलाई १०.० अक
५. उत्पादन विवरणः १०.० अंक
 ५.१ वार्षिक दुध उत्पादन तथा बिक्री लिटरः ५.१.१ १००० लिटरसम्म ४.० अंक
 ५.१.२ १००१ देखि ३००० लिटरसम्म ६.० अंक
 ५.१.३ ३००१ देखि १०००० लिटरसम्म ८.० अंक
 ५.१.४ १०००० लिटरभन्दा बढी १०.० अंक
 ५.२ वार्षिक मासु उत्पादन तथा बिक्री के.जि. (जिवित तौल)

५.२.१ खसिबोका/बाख्रा ५.२.१.१ बार्षिक १०० के.जि. सम्म ४.० अंक

५.२.१.२ बार्षिक १०० के.जि. देखि ३०० सम्म ६.० अंक

५.२.१.३बार्षिक ३०१ के.जि. देखि ५०० सम्म ८.० अंक

५.२.१.४ बार्षिक ५०० के.जि. भन्दा माथि १०.० अंक

५.२.२ बंगुर/माछा/कुखुरा ५.२.१.१ बार्षिक २०० के.जि. सम्म ४.० अंक

५.२.१.२ बार्षिक २०० के.जि. देखि ५०० सम्म ६.० अंक

५.२.१.३ बार्षिक ५०१ के.जि. देखि १००० सम्म ८.० अंक

५.२.१.४ बार्षिक १००० के.जि. भन्दा माथि १०.० अंक

६. गोठ/खोर/पोखरी/वायोफलक संरचना ५.० अंक

६.१ सामान्य गोठ/खोर/पोखरी/वायोफलक ३.० अंक

६.२ व्यवस्थित गोठ/खोर/पोखरी/वायोफलक ५.० अंक

७. प्रजनन् व्यवस्थापनः १०.० अंक

७.१ प्राकृतिक गर्भाधान ५.० अंक

७.२ कृत्रिम गर्भाधान १०.० अंक

८. स्वास्थ्य व्यवस्थापन १०.० अंक

८.१ संक्रामक रोग विरुद्ध खोप लगाउने गरेको ३.० अंक

८.२ परजिवी नियन्त्रण गर्ने गरेको ३.० अंक

८.३ जैविक सूरक्षा विधि अवलम्वन गरेको ४.० अंक

९. आहारा/दाना व्यवस्थापन २०.० अंक

९.१ प्रतिकट्ठा क्षेत्रफमा घाँसखेती गरे वापत ४ अंकका दरले अधिकतम १६.० अंक

९.२ उत्पादन लागत कम गर्न अपनाइएको अन्य विधि/प्रविधिहरूः ४.० अंक

९.३ दानाको सामान्य व्यवस्थापन १६.०

९.४ दानाको राम्रो व्यवस्थापन २०.०

१०. अन्य व्यवस्थापनः २०.० अंक

१०.१. गोठ/खोर/पोखरी/वायोफलक सरसफाइ अवस्थाः

| | | |
|---|---|---|
| १०.१.१ | ठिकै | २.० अंक |
| १०.१.२ | सामान्य | ३.० अंक |
| १०.१.३ | उत्तम | ४.० अंक |
| १०.१.४ | अतिउत्तम | ५.०अंक |

१०.२ पशु विमा (प्रति पशु १.० अंकका दरले अधिकत १०.० अंक) १०.० अंक

१०.३ दुध दुहुने र बिक्रीको लागि स्टेनलेस स्टिलका भाँडा प्रयोग र भाँडो सधैं सफा ५.० अंक

**कार्यक्रम संचालनका लागि दुग्ध उत्पादक सहकारी संस्थाको छनौट गर्दा अपनाईने मुल्याङ्कनका आधारहरु**

| क्र. सं. | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनाला-ईजरको प्रयोग २० | दुग्ध उत्पा-दक कृषक सदस्य संख्या २५ | दैनिक दुध संकलन परिमाण लिटर २५ | हालसम्म सेवा प्राप्त नगरेको भूगोल र समुदाय १० | अभिलेख व्यवस्थापन २० | कुल प्राप्तांक १०० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(१) पचास जनासम्म सदस्य संख्या हुने संस्थालाई विस र पचास भन्दा बढी सदस्य संख्या हुने संस्थालाई पच्चिस अंक दिनु पर्नेछ।

(२) दैनिक ५०लि. देखि ५०० लिटरसम्म दुध संकलन गर्ने सहकारी संस्थालाई १५ अंक,५०१ लिटर देखि २००० लि. सम्म २० अंक र २००१ भन्दा बढी दुध संकलन गर्ने सहकारी संस्थालाई २५ अंक दिनु पर्नेछ।

**नोटः** अनुसूचीहरूमा उल्लेखित प्रस्तावना मुल्याङ्कनका आधारहरूका सन्दर्भमा उल्लिखित आधारहरुको मूल शिर्षकको पूर्णाङ्कमा कुनैपनि प्रकारको असर नपर्ने गरी कार्यक्रमको उद्धेश्य र मर्म अनुसार मूल्याङ्कन शिर्षकको उचित व्यवस्थापन गर्न सकिने छ। यसरी व्यवस्थापन गर्नु पर्ने अवस्था आएमा सो विषय आर्थिक विकास समितिको वैठकमा पेश गरी बैठकबाट निर्णय भए अनुसार गर्न सकिने छ।

## अनुसूची-६
## (दफा५ को उपदफा (२)-७ सँग सम्बन्धित)
कार्यक्रम सञ्चालन सम्झौता पत्र

कालिका नगरपालिका ,नगरकार्यपालिकाको कार्यालय,पशु सेवा शाखा को आ.व. ...................को स्वीकृत बार्षिक कार्य लक्ष अनुसार.......................... गोठ/खोर सुधार तर्फ पेश भएका प्रस्तावहरु मध्ये आर्थिक विकाश समिति मार्फत स्वीकृत भई छनौट भएका प्रस्तावना अनुसार कार्यक्रम संच्चालन गर्न श्री कालिका नगरपालिका ,नगरकार्यपालिकाको कार्यलय रेडक्रसग्राम चितवन (यस पछी प्रथम पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका दुग्ध उत्पादक सहकारी/व्यवसायीक कर्षक श्री.................................... (यसपछी दोस्रो पक्ष भनिने) बिच तपशिलका शर्तहरु परिपालना गर्ने द्बिपक्षीय संझौता/सहमति गरी लियौं/दियौं।

### तपशिल

१. दोश्रो पक्षको प्रस्ताव अनुसार कालिका नगरपालिका वाड नं. ......मा गोठ/खोर सुधारको लागी प्रस्तावमा उल्लेख भए अनुसार लाग्ने रकम मध्ये प्रथम पक्षबाट नगद...............................।(..................लाख/हजार) पक्षबाट लगानी गर्नुपर्ने छ।

२ दोस्रो पक्षले प्रथम पक्षले पक्षबाट आवश्यक जानकारी प्राप्त गरीआफूले निवेदनमा माग गरे अनुसारको कार्यक्रमको सम्बन्धित नगर/वडाको प्राविधिकबाट लागत ईष्टिमेट बनाई सोही अनुसार गर्नुपर्नेछ।

३. कार्यक्रम संचालनको लागी आवश्यक निर्माण सम्बन्धि डिजाईन,ईष्टिमेट सुपरभिजन,विल भरपाई र कार्य सम्पन प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण,खरिद,ढुवानि र जग्गाको व्यवस्था आदी दोस्रो पक्षले गर्नु पर्नेछ।

४. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरीक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ।

५. कार्यक्रम सन्चालनको दौरान वा सम्पन्न भए पश्चातको सन्चालन,मर्मत सम्भार, श्रुजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. दोस्रो पक्षले सुरुमा आफनो तर्फको लगानी बाट मिति ...... गते भित्र प्रस्तावित काम सम्पन्न गरि सक्नु पर्नेछ । सम्पन्न गरि सक्नु पर्नेछ । सम्पन्न भएको काम को नियमानुसारको बिल भरपाई,आवश्यक अन्य कागजात,प्राविधिक मूल्याङ्कन,कार्यसम्पन प्रतिवेदन र सम्बन्धित वडाको अनुगमन प्रतिवेदन सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात मनासिव ठहरेमा प्रथम पक्षले दोस्रो पक्षको बैंक खातामा एकमुष्ट रु.........................(अक्षररुपी...................................)रुपैयाँको नियमानुसार कर कट्टी गरी भुक्तानी दिनु पर्नेछ ।

७. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक बिपतमा पहिलो पक्ष जिम्मेबार हुने छैन।

८. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फ बाट | दोस्रो पक्षको तर्फ |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | सम्पर्क नः |
| | सस्थाको छापः |

रोहवरः

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयको छाप

## अनुसूची - ७

## (दफा ७ को उपदफा (१)-३-१ सँग सम्बन्धित)

## दुग्ध उत्पादक सहकारी संस्था/ कृषक/ समुहहरुका लागि प्रस्ताव आब्हानकोढाँचा

प्रथम पटक प्रकाशित मितिः....................

कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवन आ.व..............वार्षिकस्वीकृत कार्यक्रम अनुसार दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले सहभागी भई तहाँ सहकारीमा नियमित रुपमा दुध बिक्री गरिरहेका दुग्ध उत्पादक कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले.......दिनभित्र कालिका नगरपालिकाको पशु सेवा शाखामा अनुसूची-८बमोजिम आवेदन पेशगर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।विस्तृत जानकारीकोनगरपालिकाको पशुसेवा शाखामा सम्पर्क राख्नुहुन समेतअनुरोध गरिन्छ।

## अनुसूची - ८
## (दफा ७ को उपदफा (१)-३-१सँग सम्बन्धित)
## दुग्ध उत्पादक सहकारी संस्था/ व्यवसायीक कृषक/ समुहले दिने आवेदन-पत्रको ढाँचा

मितिः................................

श्री कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन।

विषयः कार्यक्रममा सहभागीहुन पाउँ।

प्रस्तुत विषयमा मिति.....................................मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादनक सहकारी, संस्था लिमिटेडको दुध उत्पादनमा आधारीत अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागी तपशिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं।

**तपसिलः**

१. कूल सदस्य संख्याः
२. कुल सदस्य मध्ये दूध उत्पादक सदस्य संख्याः
३. गत वर्ष कूल दूध संकलन लि. (औषत दैनिक ..... लि. मासिक ..... लि. र वार्षिक... लि.)
४. गत वर्ष दूध कारोवार गरेको दिन अंकमा.......... अक्षरमा......................
५. गत वर्ष कूल अधिकतम दूध संकलन............... महिना, ................ लि.
६. गत वर्ष कूल न्यूनतम दूध संकलन................महिना, ...................लि.
७. संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदीको नाम थर र ठेगानाः...............................................................
   (क) ...................................................................
   (ख) ...................................................................
   (ग) ...................................................................
   (घ) ...................................................................
८. दूध बिक्री गरेको प्रमाण सम्बन्धी कागजात संलग्न गर्नुपर्ने।
९. वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण प्रतिलिपि संलग्न गर्नुपर्नें।
१०. जम्मा संकलन केन्द्र संख्याः-

११. रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको / नभएको।

१२. दुधको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने गरे / नगरेको ।

१३. मिल्क एनालाईजरको प्रयोग भएको/नभएको ।

१४. सम्बन्धत वडा कार्यालयको सिफारीस संलग्न हुनुपर्ने ।

१५. दुध विविधिकरण गरि विक्री वितरण गरेको / नगरेको

गरेको भएः-

(क) कुनकुन पदार्थ बनाउने गरिन्छ.........................

(ख) दैनिकऔषत परिमाण.....................

(ग) विक्री गर्नेबजार/स्थल...............................................

१६. सहकारीदर्ता / नविकरणको प्रतिलिपी पेश गर्नुपर्ने।

१७. कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणा संलग्न गर्नुपर्ने।

१८. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड संलग्न गर्नुपर्ने ।

१९. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि संलग्न गर्नुपर्ने।

२०. सहकारी संस्थाहरुले तपसिलको फर्मेट अनुसार कृषकको नामावली सहितको बार्षिक दुध संकल नगरेको प्रमाणित विवरण ।

**तपसिल**

| क्र. सं. | कृषकको नाम | ठेगाना | संपर्क नम्बर | दुध दिने पशु संख्या | बार्षिक संकलन भएको दुध लि. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

आवेदकः

पदाधिकारीकोनाम/थरः

पदः

दस्तखतः

मितिः

सम्पर्क नम्बरः

सहकारीसंस्थाकोनामरठेगानाः

सहकारीसंस्थाकोछापः

# अनुसूची-९

(दफा ७ कोउपदफा (१)-३-३सँग सम्बन्धित)

## कालिका नगरपालिका र दुग्ध उत्पादक सहकारी संस्था विच हुने सम्झौताको ढाँचा

कालिका नगरपालिका ..........................यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था................(................यसपछि दोश्रो पक्ष भनिने) विच दूध उत्पादनमा आधारित अनुदानवितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने  गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ।

**तपसिलः**

(१) स्वीकृत भए अनुसारको अनुदान रकमदोश्रो पक्षलाई प्रथम पक्षले बैंक खातामा जम्मा गरी दिनेछ।

(२) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरि रहेको अवस्थाको अखाद्य दूध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने,तोकिए अनुसारको सफा दूधको उत्पादन, ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ।

(३) दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थान सम्म सफा, स्वस्थ्य र गुणस्तर युक्त दूधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ।

(४) दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ।

(५) दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

(६) यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**दोश्रो पक्षः**

दस्तखतः

नामः

पदः

संस्थः

**प्रथम पक्षः**

दस्तखतः

नामः

पदः

कार्यालयः

**रोहवरः**

दस्तखतः

नामः

पदः

संस्थाः

**रोहवरः**

दस्तखतः

नामः

पदः

कार्यालयः

इति संवत्.................साल..........गते...........रोज................शुभम् ।

आज्ञाले,

**(केशव प्रसाद उपाध्याय)**

प्रमुख प्रशासकीय अधिकृत